खिजीदेम्वा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खिजीफलाटे, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३

च.नं.

नेपाल सम्वत ११४६

# मौजुदा सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८३।०३।३०)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम यस कार्यालयबाट आर्थिक वर्ष २०८३।०८४ मा हुने खरिद सम्बन्धी सम्पुर्ण कार्यको लागि मौजुदा सूचीमा सूचीकृत हुन ईच्छुक सम्पुर्ण योग्य फर्म, आपुर्तिकर्ता, परामर्शकर्ता, संघ, संस्था वा व्यक्तीहरुलाई आफुले प्रदान गर्ने सेवा समेत खुलाई तपसिलमा उल्लेखित ढाँचाको निवेदन र आवश्यक कागजात सहित यस सूचना प्रकाशन भएको ३० दिनभित्र कार्यालयमा उपस्थित भई वा cao.khijeedemba@gmail.com मा इमेल मार्फत सूचीकृत हुन जानकारी गराईन्छ। साथै मौजुदा सूचीमा सूचीकृत हुनको लागि खिजीदेम्वा गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम रु.१०००।– (रु. एक हजार मात्र) सूचीकृत दस्तुर खिजीदेम्वा गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नहुन जानकारी गराईन्छ।

तपसिल:

निवेदनको साथ सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ (क) बमोजिमको देहाय वमोजिमको कागजातको प्रतिलिपिहरु:

- संस्था वा फर्मको दर्ता प्रमाणपत्र र नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- आवश्यकता अनुसारको व्यवसायिक ईजाजतपत्र
- मूल्य अभिवृद्धी कर (VAT) मा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि
- प्रचलित कानुन वमोजिम तिर्नु बुझाउनुपर्ने करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण, प्यान नम्वरको विवरण, शैक्षिक योग्यता। तालिम सम्वन्धी प्रमाणपत्र
- अन्य आवश्यक कागजातहरु।

२०८३।०३।३०

नविना गिरी

प्रमुख प्रशासकीय अधिकृत

"आर्थिक विकास, सुशासन र सदाचार : खुसी नागरिक, समृद्ध खिजीदेम्वा हाम्रो आधार"
इमेल : khijeedembarm2073@gmail.com, Website – www.khijidembamun.gov.np
Phone No. 9748642789

CamScanner
Scanned with CamScanner

खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु

| समूह | सूचिकृत गर्नुपर्ने कार्यहरु | संक्षिप्त व्याख्या |
|---|---|---|
| **A.** | **खरिद तथा आपूर्ति तर्फ** | |
| **A1** | स्टेशनरी तथा मसलन्द सामानहरु | कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाइल, कलम, पेन्सिल, स्टिच जस्ता स्टेशनरी तथा मसलन्द सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु । |
| **A2** | छपाइ सम्बन्धी कार्यहरु | लेटर प्याड, रजिष्टर, विभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन, वार्षिक जिल्ला विकास योजना, बुकलेटहरु, क्यालेण्डर जस्ता प्रेस सम्बन्धी कार्यहरु। |
| **A3** | पत्रपत्रिका तथा पुस्तक सम्बन्धी | प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सी लिई बिक्री वितरण गर्ने सम्बन्धी कार्यहरु । |
| **A4** | फर्निचर तथा फिक्चर्स सम्बन्धी | काठ, स्टिल तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु । |
| **A5** | इलेक्ट्रोनिक्स उपकरणहरु | टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, फ्याक्स मेशीन, युपिएस जस्ता मेशिनेरी उपकरणहरु । |
| **A6** | सवारी साधन तथा सो का पार्ट्स पूर्जा | मोटरसाइकल, तथा गाडीका साइकल तथा गाडीका टायर, ट्युब तथा अन्य पार्ट्स पूर्जाहरु आपूर्ति तथा फिटिङ्ग सम्बन्धी कार्यहरु । |
| **A7** | मेशीनरी तथा उपकरणहरु | इलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु, सर्भे औजारहरु लगायत विभिन्न मेशीनरी उपकरणहरु र तिनका पाट्र्सहरु । |
| **A8** | विज्ञापन, सूचना प्रकाशन तथा प्रशारण | रेडियो, टेलिभिजन तथा पत्रपत्रिका वा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धी कार्यहरु । |
| **A9** | विद्युतीय सामानहरु | हिटर, पंखा, तार, स्वीच, बिजुलीका बल्ब, ट्युबलाईट तथा विद्युतीकरणका लागि आवश्यक अन्य सामग्रीहरु । |
| **A10** | कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर | कार्यालय सञ्चालन तथा सूचना तथा तथ्यांक भण्डारण, विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयर, प्रोग्रामहरुको आपूर्ति सम्बन्धी कार्यहरु। |
| **A11** | इन्टरनेट तथा सञ्चार सेवा | सिधै वा अन्य कम्पनीको मध्यस्थ भई प्रदान गर्ने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा वा टेलिफोन र सो सम्बद्ध सेवाहरु । |
| **A12** | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी | ग्यांस, पेट्रोल, डिजल, मट्टितेल, लुब्रिकेन्ट्स, दाउरा, कोइला, इन्भरटर, ब्याट्री, सोलार उपकरण आदि । |
| **A13** | मर्मत सम्भार सेवाहरु | सवारी साधन, विभिन्न मेशीनरी तथा उपकरणहरुको मर्मत सम्बन्धी कार्यहरु । |
| **A14** | नेटवर्किङ्ग सम्बन्धी कार्यहरु | कम्प्युटर नेटवर्किङ्ग (LAN, WAN),सम्बन्धी कार्य र सो मा प्रयोग हुने साधन वा सेवाहरु। |
| **B** | **परामर्श तथा अन्य सेवा** | |
| **B1** | **भवन को नक्सा डिजाइन गर्ने कार्यहरु** | **भवन ऐन २०५५ को दफा ११ को उपदफा ३ को क,ख,ग मा व्यवस्था भए बमोजिम तोकिएको व्यक्ति /संघ सस्थाहरु बाट सोही ऐनको दफा ८ को क,ख,ग,घ मा भएको चार बर्गका भवनहरु design Estimate, गर्नुपर्नेछ।** |
| **B2** | अध्ययन, अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु | विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग सर्भेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यहरु । |
| **B3** | सूचना प्रविधि साधनको आवधिक मर्मत तथा मेन्टिनेन्स सम्बन्धी कार्यहरु | हार्डवेयर सर्भिसिङ्ग, मेन्टिनेन्स, सफ्टवेयर कस्टोमाइजेशन, टोनर रिफिलिङ्ग आदि सम्बन्धी कार्याहरु । |
| **B4** | सफ्टवेयर निर्माण | विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेभसाइट निर्माण सम्बन्धी कार्यहरु । |
| **B5** | कुरियर सर्भिस | चिठीपत्र तथा स-साना पार्सल आदान प्रदान सम्बन्धी कार्यहरु । |
| **B6** | डकुमेन्ट्री तथा बृत्तचित्र निर्माण | सार्वजनिक निकायको काम कारवाही झल्कने गरी निर्माण हुने श्रव्य तथा श्रव्य दृष्य सामाग्री, रेडियो पत्रिका, टेलिफिल्म, बृत्तचित्र आदि निर्माण गर्ने कार्य । |
| **B7** | कार्यक्रम व्यवस्थापन | विभिन्न प्रकारका तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया, छलफल तथा बैठकको सञ्चालन तथा व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु |
| **B8** | हवाई तथा अन्य यातायात (ट्राभल एजेन्सी) | हवाई टिकट बुकिङ्ग तथा जारी गर्ने तथा अन्य यातायातका सवारी साधनहरुको सेवा उपलब्ध गराउने एजेन्सी सम्बन्धी कार्यहरु । |
| **B9** | तथ्यांक प्रविष्टि तथा | अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहका लागि सार्वजनिक निकायको प्रणालीमा |

नविना गिरी
प्रशासकीय अधिकृत

CamScanner

Scanned with CamScanner

| | | |
|---|---|---|
| | अद्यावधिक गर्ने कार्यहरु | तथ्यांक प्रविष्टि गरी अद्यावधिक गर्ने प्रकारका कार्यहरु । |
| **B10** | कार्यालय सुरक्षा तथा सरसफाई सम्बन्धी कार्यहरु | कार्यालय/सचिवालयलाई सुरक्षा चेक जांचमा सहयोग गर्ने सुरक्षा गार्ड, दैनिक सरसफाईमा सहयोग गर्ने परिचर, बगैचा तथा करेसाबारी गोडमेल गर्ने माली, सेप्टि टेंकी सफाइ जस्तासंस्थागत रुपमा उपलब्ध गराउने सम्बन्धी सेवाहरु । |
| **B11** | लेखा परीक्षण सेवा | कार्यालयको लेखा परीक्षण सम्बन्धी सम्पूर्ण कार्यहरु । |
| **C** | गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा | |
| **C1** | जन चेतना अभिबृद्धि सम्बन्धी कार्यक्रम | नागरिक सचेतनाका लागि आयोजना गरिने चेतनामूलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जस्ता कार्यहरु । |
| **C2** | अभिमुखिकरण, सबलीकरण, मूल प्रवाहिकरण जस्ता कार्यहरु | शाक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाती तथा समूदायको सशक्तिकरणएव मूल प्रवाहीकरणको लागि सञ्चालन हुने भेला, प्रशिक्षण, गोष्ठि, तालिम आदि कार्यहरु । |
| **C3** | वन तथा वातावरण संरक्षण, प्रवर्द्धन जस्ता कार्यक्रम | वृक्षारोपण, विरुवा उत्पादन, वन जंगल तथा वन्यजन्तुको सरक्षण, डढेलो नियन्त्रण, हरित विकास योजना कार्यान्वयन जस्ता कार्यक्रमहरु । |
| **C4** | जनसहभागिता प्रवर्द्धन गरी स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु | जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिंचाई, तटबन्ध, ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु । |
| **D** | निर्माण व्यवसाय | |
| **D1** | सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कामहरु | भवन, सडक, सिंचाइ, तटबन्ध, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण र निर्माणकै हैसियतमा मर्मत सम्भार गर्नुपर्ने सम्बन्धी कार्यहरु । |
| **D2** | नर्सरी निर्माण तथा विरुवा उत्पादन र आपूर्ति | काँडेतार, पोलिथिन व्याग, बिउ, औजार, माटो तथा मल आदि र उत्पादित विरुवा आपूर्ति सम्बन्धी कार्यहरु । |
| **E** | अन्य | |
| **E1.** | अन्य सामाग्री तथा सेवा | माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नुअघि सूचीकृत गर्नुपर्ने प्रकारका वस्तु, सामाग्री वा सेवाहरु । यस समूहमा सूचिकृत हुने वा गराउने निकायले सम्वन्धित सेवाको स्पेसिफिकेशन खुलाई सूचिकृत हुनको लागि पेश गर्नुपर्नेछ । |

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner
Scanned with CamScanner

*अनुसूची-२क.

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

## मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा

श्री कार्यालय प्रमुखज्यू                                                                 मिति.....................

.................................कार्यालय

................................ ।

विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशिलः

| | |
|---|---|
| १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगानाः |
| (ग) पत्राचार गर्ने ठेगानाः | (घ) मुख्य व्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. | (च) मोबाईल नं. |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(ख) नविकरण गरिएको छ ☐ छैन ☐<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐ | |

* चौथो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

CamScanner

Scanned with
CamScanner

| | | | |
|---|---|---|---|
| (ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ | | | |
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण ः | | | |
| (क)मालसामान आपूर्तिः<br>(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निर्माण कार्यः | |
| (ग) परामर्श सेवाः<br>(परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवाः<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) | |
| निवेदन दिएको मितिः<br>आ. व. | फर्मको छापः | | निवेदकको नामः<br>हस्ताक्षरः |

नेपाल कानून आयोग

CamScanner
Scanned with CamScanner